# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## दार्खा, धादिङ
## बागमती प्रदेश, नेपाल

प.स.:-२०७९-०८०
च.नं.:-

मिति :-२०७९/०९/१८

**मकै बालीको उन्नत बीउ माग गर्ने सम्वन्धि सूचना !!!!**

प्रथम पटक प्रकाशित मिति २०७९/०९/१७

खनियाबास गाउँपालिकाबाट आ.व.२०७९/८० को संघिय सशर्त तर्फको **"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान"** कार्यक्रम अन्तर्गत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम खाद्यान्न बालीको उन्नत बीउमा ५०% अनुदान हुने व्यवस्था रहेकाले यस पालिकामा दर्ता भएका कृषक समूह/ फर्म/ सहकारी तथा व्यवसायिक कृषकहरुले आफूलाई आवस्यक पर्ने तपशिलमा उल्लेखित मकै बालीको जात र परिमाण खुलाई यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र देहायका आवश्यक कागजातहरु सहित यस कार्यालयको कृषि बिकास शाखामा आवेदन पेश गर्न सुचित गरिन्छ।

अनुदान वितरण: बिउ बिजन आपूर्ति तथा व्यवस्थापन समितिबाट कायम गरिएको मुल्यमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मुल्यको ५०% अनुदान।

| क्र.स. | जात | पाक्ने दिन | उत्पादन क्षमता (मे. टन/ हे) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| १. | रामपुर कम्पोजिट | ११०-११५ | ४.४ | तराई, भित्रि मधेश र मध्य पहाड |

**आवस्यक कागजातहरु**

- सम्बन्धित वडाको सिफारिस,
- बैठकको निर्णयको प्रतिलिपि (समूह/ सहकारीको लागि मात्र), कार्यक्रम संचालन हुने स्थान (जग्गा, जमिन) को स्वामित्व खुल्ने कागजात,
- कृषकको नागरिकताको प्रतिलिपि, संचालक समितिको नागरिकताको प्रतिलिपि( समूह/ सहकारीको लागि),
- सम्बन्धित निकायमा कृषि समूह/सहकारी दर्ता भएको, नवीकरण भएको प्रतिलिपि,
- अन्य जानकारीको लागि खनियाबास गाउँपालिका कृषि विकास शाखामा सम्पर्क राख्नु होला।

..............................
कृषि विकास शाखा प्रमुख

E-mail: ito.khaniyabasmun@gmail.com , Website: www.khaniyabasmun.gov.np, Address: Khaniyabas-4, Darkha, Dhading